

# विनासहारा एक्लै छाडिएका

वैदेशिक रोजगार एजेन्टहरूको ठगीका कारण नेपाली आप्रवासी कामदारहरूको बेचबिखन किन हुन्छ ?

एम्नेस्टी इन्टरनेसनल

“म विदेश गएँ किनभने म पैसा जम्मा गरेर मेरो परिवारका लागि एउटा घर बनाउन र मेरो सन्तानको शिक्षाका लागि खर्च गर्न चाहन्थेँ । तेह्र बर्ष अघि म साउदी अरेबिया गएँ र त्यहाँ दुई बर्ष बिताएँ । त्यसपछि ६ बर्ष अघि म मलेसिया गएँ तर पर्याप्त पैसा कमाउन सकिन .. दुई बर्ष अघि इराक र यस बर्ष आफगानिस्तान जाने मेरा दुई वटा प्रयासहरूले मलाई दुबईसम्म मात्र ल्याइपुऱ्याएको छ र यहाँ दलालहरूले मलाई बिना कुनै काम अलपत्र पारे । मैले पढेको छैन त्यसैले मैले नेपालमा खेती भन्दा अन्य कुनै काम पाउने सम्भावना छैन । खेती मात्र गरेर मलाई घर चलाउन अपुग हुन्छ । हाम्रो परिवार आर्थिक रुपमा कमजोर भएको हुनाले जोखिम नै उठाएर भए पनि विदेशमा रोजगार खोज्नु सिवाय मसँग अन्य कुनै विकल्प थिएन ।”

चितवनका ४३ बर्षीय पुरुष डि.के.



कामको खोजीमा प्रत्येक बर्ष लाखौं नेपाली विदेश जाने गर्छन् । धेरै खाडी मुलुक वा मलेसिया पुग्ने गर्छन् जहाँ उनीहरू निकै दुर्व्यवहारजन्य र शोषित अवस्थामा काम गर्छन् । उनीहरूको यात्रा नेपालमा एजेन्ट र वैदेशिक रोजगार कम्पनीहरूबाट सुरु हुन्छ, जो यस आप्रवासको प्रक्रियाका बिचौलिया हुन् । यी एजेन्टहरूले उनीहरूलाई काम, तलब र काम गर्ने अवस्थाका बारेमा लगातार रुपमा ढाँट्दै आएका छन् । यसको परिणामस्वरुप विदेश जाने कामदारहरू शोषित हुने र जबर्जस्ती श्रमका लागि बेचबिखनमा समेत पर्ने गर्छन् ।

सरकारी नियमहरूका वाबजुद निकै नाफादायक वैदेशिक रोजगार व्यवसाय लगभग पूर्ण दण्डहीनताका साथ सञ्चालित छ । एजेन्टहरूको अनुगमन गर्न, वैदेशिक रोजगारमा जानेहरूलाई उनीहरूका अधिकारहरूबारे सूचित गराउन र गलत भएको अवस्थामा उनीहरूलाई न्याय र क्षतिपूर्ति सुनिश्चित गराउनमा न्यून स्रोतबाट सञ्चालित सरकारी विभागहरू असफल भइरहेका छन् ।

यसको परिणाम खर्चिलो, धोकापूर्ण र बाध्यात्मक चिट्ठा हुनसक्छ जसलाई खेल्न कामको खोजीमा देश छोड्ने बढ्दो सङ्ख्याका नेपालीहरू बाध्य छन् । यद्यपि सरकारले विद्यमान कानुन र नियमावलीहरूलाई लागू गराउने हो भने यो अवस्था केही भिन्न, कामका लागि विदेश जाने प्रक्रिया बढी सुरक्षित र बढी सफल हुनसक्छ ।

## आर्थिक बाध्यता

विगतको १० बर्षमा कामका लागि विदेश जाने नेपालीहरूको आधिकारिक सङ्ख्यामा ५५,०२५ बाट २९४,०९४ को वृद्धि भएको छ र हरेक वर्ष यो संख्या बढ्दो छ । वास्तविक तथ्याङ्क यसको दोब्बर भएको अनुमान गरिन्छ । यस्तो ठूलो वृद्धि हुनुमा स्वदेशमा रोजगारको अभाव र गन्तव्य मुलुकहरूमा सस्तो र न्यून सीप भएका कामदाहरूको आवश्यकता हुनु प्रमुख कारण हो । वैदेशिक राजेगारमा संलग्न नेपाली कामदारहरूले स्वदेश पठाएको रकम नेपालको कुल ग्रार्हस्थ उत्पादनको झण्डै २० प्रतिशत हुन आउँछ र यो विश्वको सबैभन्दा गरिब मुलुकहरू मध्ये एक (नेपाल) को विदेशी मुद्राको एउटा प्रमुख स्रोत पनि हो ।

वेरोजगारीको सङ्ख्या अनुमानित ४६ प्रतिशत रहेको र तलबमान न्यून रहेको अवस्थामा काम गर्न विदेश जानुले हजारौंका लागि आर्थिक उन्नतिको आशा प्रदान गर्दछ । आर्जन गरेको रकम घरपरिवार चलाउन, घर बनाउन वा छोराछोरीको शिक्षामा खर्च हुने गरेको छ ।

विदेशिने  कार्य त्यति सजिलौ आउँदैन । वैदेशिक रोजगारमा जानेमध्ये धेरैले औसतमा १,४०० अमेरिकी डलर लाग्ने रोजगार वापतको शुल्कका लागि ठूलो ऋण लिने गर्छन् । यो ऋण प्रायः स्थानीय साहुबाट लिने गरिन्छ र उनीहरूले निकै चर्को ब्याज लिने गर्छन् जुन औसतमा ३५ प्रतिशत देखि ६० प्रतिशत सम्म पुग्ने गर्छ । कानुनी व्यवस्था अनुसार भने १४ प्रतिशत भन्दा माथि व्याज हुनुहुँदैन । वैदेशिक रोजगारमा जाने कामदारहरूले लिने यो ऋण दलालहरू (वैदेशिक रोजगार कम्पनीका एजेन्टहरू) ले विदेश गएपछि उनीहरूको निकै राम्रो तलब हुन्छ भनी गरेको वाचामा आधारित हुन्छ । आफ्नो वास्तविक तलब कति हुन्छ भन्ने कुरा थाहा पाउन्जेल पछाडि फर्कन निकै ढिला भइसकेको हुन्छ । ठूलो ऋणको भार बोकेको, मौखिक वा शारीरिक रुपमा दुर्व्यवहारको सामना गरेको र पहिचानसम्बन्धी आफ्नो कागजपत्रहरूबाट पनि बञ्चित गरिएको अवस्थामा धेरै कामदारहरू आफूलाई मननपरेको अवस्थामा पनि काम गर्न बाध्य हुन्छन्, र यो बलजफ्त श्रम हो ।

## ज्यादती ठगीबाट सुरू हुन्छ ।

धेरै सम्भावित वैदेशिक कामदारहरूका लागि दुर्व्यवहार आफ्नो गाउँघर छोड्नु अघि नै सुरु हुन्छ । वैदेशिक रोजगारदाता कम्पनीहरू धेरै राजधानी काठमाडौंमा अवस्थित भएको हुँदा बहुसङ्ख्यक कामदारहरूले स्थानीय दलालको सहायता लिने गर्छन् । दलालहरूले नियुक्ति प्रक्रियाका बारेमा व्याख्या गर्दै सेवाहरू केन्द्रित रहेको राजधानीसम्म पुग्ने खर्च जोगाउँदै गाउँघरमा निकै महत्वपूर्ण सेवा भने प्रदान गर्छन् ।

वैदेशिक रोजगार कम्पनी भन्दा पनि दलालहरूलाई प्रायः विश्वास गरिन्छ किनभने उनीहरू स्थानीय स्तरमा बसोबास गर्छन् ।




बाँयाः नेपालको राजधानी काठमाडौंको असन बजार । वेरोजगारीको अनुमानित संख्या झण्डै ४६ प्रतिशत रहेको अवस्थामा हजारौं मानिसहरू वैदेशिक रोजगारीका लागि देश बाहिर जाने गर्छन् ।
कभरः बहराईनको निर्माणक्षेत्रमा कामदारहरू
© जोनाथन लिवीस

तर धेरै अवस्थामा त्यो विश्वासमाथि घात गरिएको पाइन्छ । कामदारहरूले गर्ने काम र तलबका बारेमा दलालहरूले लगातार रुपमा झुठो बताउने गरेको पाइन्छ र जसका कारण उनीहरू (कामदारहरु) विदेशमा शोषणमा पर्ने सम्भावना झन बढेर जान्छ ।


त्यसैगरी वैदेशिक रोजगारदाता कम्पनीहरूले पनि ठगी गर्न सक्छन् । एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले रोजगारदाता कम्पनीहरू नेपाली वैदेशिक कामदारहरूको बेचबिखन र बलजफ्त श्रमसहित उनीहरूको शोषणमा संलग्न रहेको देखाउँछ । यी दुर्व्यवहारहरू प्राय करारनामामा रहेको अनियमितताहरूबाट सुरु हुनेगर्छ जसमा तलबमान, कामको प्रकार र काम गर्नु पर्ने समय समावेश हुन्छ । अन्तर्वार्ता लिइएका ११५ जना कामदारहरू मध्ये १०८ जनाले




विदेशमा काम गर्ने नेपालीहरूका लागि नेपाल सरकारले तोकेको न्यूनतम मासिक तलबमान
(स्रोत : वैदेशिक रोजगार विभाग)

"मैले साइप्रसमा एउटा बेकरीमा काम पाएँ र रोजगारी सेवा शुल्क तिर्न मेरो अभिभावकले ३५ हजार ऋृण लिनु भयो । एजेन्सीले मैले महिनामा ५०० यूरो (७२० अमेरिकी डलर) पाउने वाचा गर्‍यो तर मैले एयरपोर्टमा सम्झौतापत्र पाउँदा मैले घरेलु कामदारको काम गर्नु पर्ने र मेरो तलब केवल १५० यूरो (२१५ अमेरिकी डलर) हुने थाहा पाएँ । एजेन्सीले मलाई ठगेको भए तापनि मैले त्यहाँ गर्न सक्ने केही थिएन । तर पनि मैले जानै पर्दथ्यो किनभने त्यति ठूलो ऋृण मैले अन्य कुनै पनि उपायले तिर्न सक्दिन थिएँ ।"

एस एन, २९ बर्षीया महिला, काठमाडौं




नेपालले निर्धारण गरेको वैदेशिक रोजगारका लागि अधिकतम सेवा शुल्क
(स्रोत : वैदेशिक रोजगार विभाग)



"हाम्रो काम र तलब नियमित थिएन । कहिलेकाँही हामीलाई काम वा तलब प्राप्त हुँदैन थियो । जाने वित्तिकै काम पनि पाइएन, एक हप्ता पर्खनु पर्‍यो, कोही दुई महिनासम्म बिना तलब...। हामी लिबियामा कुल २१ महिना रहेका थियौं र त्यसमा पनि कम्तीमा छ महिना हामीले तलब नै पाएनौं । अन्तिम छ महिना पनि काम गरेनौं किनभने कम्पनी बन्द भइसकेको थियो । हामी मध्ये केहीले आठ देखि नौ महिनासम्म तलब पाएनौं ।"

लिबियामा काम गर्न गएका १०८ जना पुरुषहरूका प्रतिनिधि

उनीहरूलाई रोजगारसम्झौताको सर्त तथा नियमहरूका बारेमा वैदेशिक रोजगारदाता कम्पनी वा दलालले ढाँटेको बताए । सरकारी नियम अनुसार रोजगारदाता कम्पनीहरूले आफ्नो लागि काम गर्ने सबै दलालहरूको दर्ता गराउन जरुरी छ । यद्यपि दर्ता गरिने प्रत्येक दलालका लागि तिर्नु पर्ने उच्च शुल्क र दलालहरू(जो अस्थायी रुपमा काम गर्छन्)ले एउटा मात्र कम्पनीका लागि काम गर्नुपर्ने अव्यवहारिक प्रतिबन्धका कारण अगस्ट २०११ सम्ममा केवल तीन जना एजेन्टहरूको मात्र दर्ता हुनसकेको छ । प्रभावकारी दर्ता प्रणाली विना उनीहरूको क्रियकलापमाथि अनुगमन गर्न र कानुन उल्लङ्घन गर्नेहरूलाई सजाय दिलाउन असम्भव छ । वैदेशिक रोजगार कम्पनीहरूले पनि दर्ता गर्न आवश्यक छ र अधिकांशले गरेका पनि छन्, तापनि उनीहरूका लागि एउटा मात्र सर्त भने धरौटी राख्नु हो । ती कम्पनीहरूको अनुगमन गर्नुपर्ने सम्बन्धमा कानुन विद्यमान भए पनि सरकारी निकायबाट पर्याप्त अनुगमन गर्नमा विफल भएको छ ।

## भर्ना (सेवा) शुल्क

आप्रवासी श्रमिकहरूले प्राय: आफ्ना दलालहरूलाई सेवा शुल्क दिने गर्छन् । सरकारले निश्चित शुल्क निर्धारण गरेको भए तापनि बढी शुल्क लिने कुरा सामान्य छ । अन्तर्वार्ता दिइएका ५७ जना वैदेशिक कामदारहरू मध्ये ४२ जनाले नेपाली कानुनले निर्धारण गरेको भन्दा बढी तिरेको बताए ।

वैदेशिक रोजगारमा जाने कामदारहरूलाई प्रस्थान गर्नुपूर्व अभिमुखीकरण तालिम दिन रोजगार कम्पनीहरू कानुनी रुपमा बाध्य छन् तर यो कमै हुने गरेको छ । यो तालिमको उद्देश्य विदेश जाने प्रक्रिया के के हुन् र गन्तव्य मुलुकमा विदेशी कामदारहरूका अधिकार र दायित्वहरू के-के हुन् भनेर बताउनु रहेको छ ।

कानुन अनुसार कामदारहरूले नेपाल छाड्नु अघि नै सम्झौता पत्र प्राप्त गर्नुपर्छ तर पनि अन्तर्वार्ता दिने ६२ मध्ये २७ जनाले त्यस्तो पत्र नपाएको एम्नेस्टी इन्टरनेसनललाई बताए । सम्झौतापत्र प्राप्त गर्नेहरूले पनि प्रस्थान गर्न केही दिन वा घण्टा अघि मात्र पाएको र सबै सम्झौता पत्रहरू नेपालीमा हुनुपर्ने कानुनी व्यवस्थाका बावजुद विदेशी भाषामा प्राप्त गरेको बताए । निकै कटिबद्ध भइसकेको र समय पनि निकै कम बाँकी रहेको हुँदा धेरै वैदेशिक कामदारहरू ठगी भएको कुरा थाहा पाउँदा पाउँदै पनि आफ्नो निर्णय परिवर्तन गर्न असफल हुन्छन् ।

कामको गलत व्याख्या नभएको अवस्था पनि तलब रोक्का गरिने वा तलब नै नदिने अवस्था पनि रहने गर्छ । त्यस्तो अवस्थामा कामदारहरूले न्याय पाउन कठिन हुन्छ किनभने रोजगारदाताहरू अवस्थामा सुधार ल्याउन अनिच्छुक हुने गर्छन् । यो अवस्थामा प्रहरी निस्क्रियता वा गन्तव्य मुलुकमा




बहराईनको सारमा ५० डिग्री सेन्टिग्रेडको तापक्रममा ढाड भाँचिने सडक निर्माण कार्य । अन्य प्रकारका काम पाइने आश्वासनका साथ गएका धेरै नेपाली आप्रवासी कामदारहरू अन्ततः यस्तै निमार्ण कार्यमा संलग्न हुन बाध्य हुन्छन् ।

आप्रवासी कामदारहरूले उजुरी दर्ता गर्नमा रहेको व्यवधानहरूले थप जटीलता निम्त्याउने गर्छ ।

कामदारहरू शोषणमा परेपछि पनि काम छाड्न सक्दैनन् किनभने रोजगारदाताहरूले उनीहरूको पासपोर्ट खोसेर राख्नु सामान्य अभ्यास बनिसकेको छ । राहदानी पनि निश्चित रोजगारदातासँग सम्बन्धित हुनेगर्छ, जसले गर्दा कामदारहरूले काम परिवर्तन गर्न पनि सक्दैनन् र घर फर्कन पनि सक्दैनन् ।

## घरेलु महिला कामदारहरू

वैदेशिक रोजगारमा जाने अधिकांश महिलाहरू घरेलु कामदारका रुपमा काम गर्छन् । तर उनीहरूले धेरै व्यवधान, सरकारी सीमाबन्धन तथा प्रतिबन्धहरूको सामना गर्दछन् । उदाहरणका लागि, सरकारी नियम अनुसार घरेलु महिला कामदारहरूले विदेश जानु अघि आफ्ना परिवारहरूबाट लिखित अनुमति लिन आवश्यक छ । त्यस्ता व्यवधानहरूले धेरैलाई अनाधिकारिक माध्यमबाट विदेश जान बाध्य बनाएको छ र यसरी उनीहरू सम्झौता, तालिम वा बिमा बिना काम गर्न बाध्य छन् ।

वैधानिक रुपमा नेपाल बाहिर जानेहरूले पनि अनियमितताहरूको सामना गर्नुपर्छ । बैदेशिक रोजगारबाट फर्केकाहरूको हकहितका लागि कार्यरत पौरखी नामक गैर सरकारी संस्था (गैसस) ले कानुनी रुपमा काठमाडौं विमानस्थलबाट विदेश जानेहरू देश छाड्नका लागि मात्र अध्यागमनका कर्मचारीहरूलाई रु १० देखि ६० हजारसम्म घुस दिन बाध्य पारिएको सयभन्दा बढी घटनाहरू अभिलेख गरेको छ ।

“एयरपोर्टमा दलाल र एजेन्टहरूबाट अध्यागमनका अधिकारहरूसम्म घुस पुऱ्याउने निकै सङ्गठित र अत्याधुनिक सञ्जाल रहेको छ” भन्छिन् पौरखीमा सुरक्षित आवास संयोजकका रुपमा कार्यरत मुना गौतम । “ती अधिकारीहरूलाई प्रत्यक्ष रुपमा घुस दिनेमा वैदेशिक रोजगारमा जाने महिलाहरू आफैं भने हुँदैनन् । ती महिलाहरूले अध्यागमनको नियन्त्रण पार गर्दासम्म उनीहरूलाई रोजगारीमा लैजानेहरूले ती अधिकारीहरूलाई रकम दिइसकेका हुन्छन् र त्यस घुसका कारणले गर्दा ती महिलाहरूलाई विना कुनै समस्या अध्यागमन पार गर्न दिन्छन् ।”

आफ्नो कामको एकल प्रकृतिका कारण महिला घरेलु कामदारहरू दुर्व्यवहारको बढी जोखिममा हुने गर्छन् । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएको १७ जना घरेलु कामदारहरूमध्ये ११ जनाले शारीरिक वा मौखिक रुपमा दुर्व्यवहारको सामना गरेको वा हिंसाको धम्की दिइएको र अधिकांशलाई आफू काम गर्ने घरबाट बाहिर जान नदिएको वा हप्तामा एक दिन पनि छुट्टी नदिएको बताए ।

“म ५ बजे बिहान देखि २ बजे बिहानसम्म काम गर्थें र एक दिन पनि छुट्टी थिएन । मैले खाना पकाउने, सरसफाई गर्ने, लुगा धुने र आइरन लगाउने, र चार जना केटाकेटी हेर्ने काम गर्थें । काम मैले धेरै गर्नुपर्थ्यो तर त्यस परिवारले मलाई पर्याप्त खाना समेत दिएनन्, दिनमा केवल दुई पटकमात्र दिन्थे । मलाई सधैं भोक लागि रहन्थ्यो । उनीहरू बाहिर जाँदा मलाई भान्सा कोठामा थुनिदिन्थे । त्यसैले उनीहरू बाहिर जान लागेको थाहा पाएपछि म फ्रिजबाट खानेकुरा चोरेर राख्थें जसबाट उनीहरू निस्के पछि मैले खान सक्थें ।”

एसआर, २७ बर्षीया महिला, सुनसरी जिल्ला

“मैले सम्झौतापत्र एयरपोर्टमा प्राप्त गरेँ । त्यो अङ्ग्रेजी भाषामा थियो, त्यसैले दलालले मलाई मौखिक रुपमा अनुवाद गरेर सुनायो । त्यसमा मेरो तलब दिनमा ८ घण्टा काम गरे वापत मासिक १,२५८ मलेसियन रिङ्गिट (४१७ अमेरिकी डलर) हुने र ओभरटाइम, निःशुल्क आवास र हप्तामा एक दिन बिदा हुने उल्लेख थियो भनियो । तर वास्तविकतामा भने मेरो तलब ४५० रिङ्गिट (१५० अमेरिकी डलर), दिनको १२ देखि १६ घण्टा काम गर्नुपर्ने र ओभरटाइम र बिदाको कुनै पनि व्यवस्था थिएन”,

३१ बर्षीय तोया प्रसाद सापकोटा, कैलाली जिल्ला, नेपाल







“मलाई यातना दिइयो, पेटीले हिर्काउने, भोकै राख्ने र रातभर शौचालयमा थुन्ने काम गरियो ।”

कुवेतमा घरेलु कामदारका रुपमा आफ्नो हृदयविदारक अनुभव सुनाउँदै सुशीला राम ।




“मेरो शरीरको बायाँ भाग चल्दैन । मेरो खुट्टा स्टिलको बोल्टु र पाताहरूले भरिएको छ ।”

संयुक्त अरब इमिरेट्समा काम गर्ने सिलसिलामा घाइते भएका लक्ष्मी कडरिया । दुर्घटनामा परे पछि उनले कुनै पनि क्षतिपूर्ति पाएनन् ।




पुष्प घलेलाई  साउदी अरेबियामा मेकानिकका रुपमा नियुक्त गरिएको भए तापनि उनलाई काम भने भवन निर्माणस्थलमा मर्मत सम्भारको दिइयो ।




आफ्नो राहदानीमा लागेको भिसा देखाउँदै श्याम चौधरी । साउदी अरेबियामा आफूलाई चालकको नोकरी पाउने बताइए तापनि उनी त्यहाँ पुग्दा उनको भिसा रद्द गरी उनलाई उँट चराउने काममा लगाइएको उनले बताए ।




दुबईस्थित एक निर्माणस्थलमा २००६ को जुन महिनाको मध्यान्हको गर्मीमा निद्राको आनन्द उठाउँदै कामदारहरू । अन्य प्रकारका काम पाइने आश्वासनका साथ गएका धेरै नेपाली कामदारहरू अन्ततः यस्तै निमार्ण कार्यमा संलग्न हुन बाध्य हुन्छन् ।

## न्याय

नेपालमा वैदेशिक कामदारहरूका लागि न्याय माग्ने सरकारी संयन्त्रहरू विद्यमान छन् । उनीहरूले वैदेशिक कामदारहरूको क्षतिपूर्ति सहयोगका लागि स्थापित कल्याणकारी कोषमा पहुँच प्राप्त गर्न, वा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गर्न सक्छन् । एकपटक उजुरी दर्ता भएपछि अनुसन्धान सुरु हुन्छ । आरोपित विरुद्ध पर्याप्त प्रमाण भेटिएमा त्यससम्बन्धी मुद्दा वैदेशिक रोजगार न्यायधिकरणमा चलाइन्छ ।

यद्यपि सरकारी कार्यालयहरू बहुसङ्ख्यक आप्रवासी कामदारहरू बसोबास गर्ने ग्रामीण क्षेत्रहरू भन्दा टाढा काठमाडौंमा अवस्थित छन् । सरकारी सहयोगका बारेमा अधिकांश वैदेशिक कामदारहरू बेखबर छन् । उजुरी दर्ता गर्ने केहीका लागि पनि प्रक्रिया निकै लामो हुन सक्छ । अनिश्चित समयसम्म काठमाडौंमा बस्ने खर्च गर्नु भन्दा मुद्दा त्यसै छाडेर घर फर्कनु वैदेशिक कामदारहरूका लागि अस्वभाविक होइन ।

“वैदेशिक कामदारहरू दिक्क मानेर आफ्नो उजुरी त्यसै छाडेर घर फर्कुन् भन्ने आशा गर्दै वैदेशिक रोजगार विभागले उजुरीहरूलाई थाँती राख्ने काम गर्छ ”, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का आप्रवासी कामदार डेस्कका प्रमुख समर थापा भन्छन् । “यसै कारणले गर्दा न्यायाधीकरणसम्म निकै कम मुद्दाहरू पुग्ने गर्छन् ।”

## वैदेशिक कामदारका अधिकारहरूको संरक्षण

वैदेशिक कामदारहरूका अधिकारहरू संरक्षण गर्ने धेरै अन्तरराष्ट्रिय सन्धिहरूको नेपाल पक्ष राष्ट्र हो । यस अनुसार नेपाल सरकारले रोजगारदाता एजेन्सी र दलालहरूको प्रभावकारी नियमन गरी वैदेशिक कामदारहरूका अधिकारहरूको संरक्षण गर्न आवश्यक छ र त्यसमा भेदभावबाट स्वतन्त्रता, उचित ज्याला र सुरक्षित कार्यस्थल समेत रहेका छन् ।

वैदेशिक रोजगार ऐन २०६४ अन्तर्गत रोजगार नियुक्ति प्रक्रियाको अनुगमन गर्नु सरकारको दायित्व हो । यद्यपि एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले सरकार त्यसो गर्न असफल रहेको देखाउँछ । यस्तो असफलताको आंशिक कारण अनुगमन र अनियमितताको अनुसन्धानका लागि भनी उपलब्ध गराइएको स्रोत त्यस्ता एजेन्सीहरूले कानुनको पालना गरे नगरेको सुनिश्चित गर्न पर्याप्त नहुनु पनि हो । यसका अतिरिक्त व्यापक भ्रष्टाचार र खराब शासनले पनि उक्त ऐनको प्रभावकारी कार्यान्वयनलाई कमजोर तुल्याउने काम गरेको छ । विश्व बैंकका अनुसार भ्रष्टाचार नियन्त्रणसम्बन्धी बैंकको शासनसम्बन्धी सूचकहरूमा नेपाल विश्वका अन्तिम एक चौथाई देशहरूमा पर्छ ।

उक्त ऐन अनुसार विदेशमा जाने कामदाहरूलाई ठगी गरेको वा बढी शुल्क लिएको आरोपमा हालसम्म कुनै पनि वैदेशिक रोजगार कम्पनीलाई जरिवाना, निलम्बन गरिएको , मुद्दा चलाइएको वा लाइसेन्स खोसिएको उदाहरण नरहेको एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले देखाउँछ । यसको अर्थ कामको सर्तमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई ठगी गरी झुठो सम्झौतापत्र दिने र सरकारले तोकेको भन्दा बढी शुल्क लिने कम्पनीहरूले त्यसो काम दण्डहीनताका साथ गर्दै आएका छन् ।

यस सन्दर्भमा बेचबिखन र बलजफ्त श्रममा लगाउने कार्यमा जिम्मेवार रहेकाहरूलाई कानुन अनुसार सजाय दिने र जरिवाना उपयुक्त रहेको र त्यसको कडा रुपमा पालना गरिएको सुनिश्चित गर्न सरकारले पर्याप्त कदम चालेको छैन ।

बलजफ्त श्रमः कुनै जरिवानाको डर देखाएर कुनै पनि व्यक्तिबाट लिइएको सबै काम वा सेवा र त्यस काममा उक्त व्यक्ति स्वेच्छिक रुपमा सहभागी नभएको अवस्था (धारा २, बलजफ्त श्रमसम्बन्धी महासन्धि)

मानव बेचबिखनः शोषण गर्ने उद्देश्यका साथ मानिसहरूलाई बलजफ्ती, अपहरण, ठगी वा झुक्काएर वा पैसा दिएर वा लिएर भर्ती, प्रसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने कार्य । (धारा ३ (क) मानव बेचबिखन निवारण, नियन्त्रण र सजाय गराउनेसम्बन्धी संरासङ्घीय उपलेख)




आप्रवासी कामदारहरूले कति पैसा कमाउने छन्, कस्तो प्रकारको काम गर्नुपर्ने हुन्छ र कामसम्बन्धी अन्य अवस्थाका बारेमा दलाल र रोजगारदाता कम्पनीहरूले गर्ने ठगी शोषण र बलजफ्ती श्रमको अवस्था निम्त्याउने बेचबिखन सरह हो। दुर्व्यहार रोक्ने जिम्मेवारी गन्तव्य मुलुकका सरकारहरू भएपनि नेपाल सरकारले पनि वैदेशिक रोजगार उद्योगले कानुनको पालना गरेको सुनिश्चित गर्नुपर्छ। नेपाली वैदेशिक कामदारहरूको जबर्जस्ती श्रमका लागि भइरहेको बेचबिखनलाई सम्बोधन गर्न नेपाल सरकारले हालसम्म प्रभाकारी कदम चालेको छैन। यसको परिणाम स्वरुप सरकार आफ्नो आन्तरिक कानुन लागू गराउन र अन्तरराष्ट्रिय दायित्व पूरा गर्नमा असफल भइरहेको छ।

---

लिबियाबाट हालै फर्किएका नेपाली कामदाहरूलाई उनीहरूले पाउन बाँकी रहेको तलबको क्षतिपूर्तिको प्रस्ताव पढेर सुनाउँदै रोजगारदाता कम्पनीका एक प्रतिनिधि। यससम्बन्धमा १०८ जना कामदारहरूले बैदेशिक रोजगार विभागमा उजुरी दर्ता गरेका थिए। त्यस मुद्दालाई अगाडि बढाउन जिफन्ट र एम्नेस्टी इन्टरनेसनलले सहयोग गर्दै आएका छन्।

# सिफारिसहरू

एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई निम्नलिखित सिफारिसहरू गर्दछ :

- वैदेशिक रोजगार ऐनका प्रावधानहरू पूर्ण रुपमा कार्यान्वयन भएको र आफ्ना जिम्मेवारीहरू पूरा गर्न असक्षम वैदेशिक रोजगारदाता कम्पनीहरूलाई नियमनका उपायहरू पर्याप्त मात्रा कार्यान्वयन गरेको सुनिश्चित गर्ने।
- सबै आप्रवासी कामदारहरूको आफूले परिपूरण प्राप्त गर्नसक्ने एउटा प्रभावकारी उजुरी संयन्त्रमा पहुँच रहेको सुनिश्चित गर्ने। यी संयन्त्रहरू विकेन्द्रीकृत तथा पारदर्शी हुनाका साथै पर्याप्त स्रोत र सुव्यवस्थित कार्यविधिले सम्पन्न हुनुपर्छ।
- महिला वैदेशिक कामदारहरूविरुद्ध रहेको भेदभावजन्य अभ्यासहरूको अन्त्य गर्ने जस्तै : लिङ्गमा मात्र आधारित निरपेक्ष प्रतिबन्ध लगाउने, र वैदेशिक रोजगारमा जान सरकारबाट अनुमति लिनुपूर्व महिलाहरूले आफ्नो परिवारका सदस्यहरूको लिखित अनुमति लिनुपर्ने प्रावधान।
- मानव बेचबिखन निवारण, नियन्त्रण र सजाय गराउनेसम्बन्धी संरासङ्घीय उपलेखको अनुमोदन गरी पूर्ण रुपमा कार्यान्वयन गर्ने र राष्ट्रिय कानुनमा श्रम शोषणका लागि हुने बेचबिखनसहितको बेचबिखनको परिभाषा समावेश गर्ने।




सिफारिसहरूको पूर्ण अंशका लागि हेर्नुहोस् झुठा वाचाहरू : नेपाली आप्रवासी श्रमिकहरूको शोषण र जबरजस्ती श्रम (Index: ASA 31/007/2011)

**एम्नेस्टी इन्टरनेसनल**

एम्नेस्टी इन्टरनेसनल १५० भन्दा बढी मुलुकहरूमा रहेका ३० लाख भन्दा बढी समर्थक, सदस्य र अभियन्ताहरूको एउटा विश्वव्यापी अभियान हो, जो मानव अधिकारको गम्भीर हनन्हरूको अन्त्य गर्न अभियान सञ्चालन गर्दछन्।

हाम्रो अन्तर्दृष्टि मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसम्बन्धी अन्य अन्तरराष्ट्रिय मापदण्डहरूमा उल्लेखित अधिकारहरू प्रत्येक व्यक्तिले उपभोग गर्न पाउनु हो।

हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक चासो वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो सञ्चालन हाम्रो सदस्यता र जनताबाट प्राप्त चन्दाबाट हुने गर्दछ।

Index: ASA 31/008/2011

नोभेम्बर २०११

Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom

amnesty.org